# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलीचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

**पुराना घरनक्सा अभिलेखीकरण गर्ने सम्बन्धी सूचना!!!**

**सूचना प्रकाशन मिति:२०८०/०९/२२**

उपर्युक्त बिषयमा यस सुनिलस्मृति गाँउपालिका भित्रका धैरै घरहरुको घरनक्सा अभिलेखीकरण गर्न छुट भएको देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र सुनिलस्मृति गाँउपालिका भित्रका पुराना घरहरुको अभिलेखीकरण गर्ने सम्बन्धी कार्यविधि,२०७७ वमोजिम घरनक्सा अभिलेखीकरण गर्न अन्तिम पटकका लागि सूचना जारी गर्ने गरी सुनिलस्मृति गाँउपालिका, गाँउकार्यपालिका बाट मिति २०८०/०७/२२ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। घरनक्सा अभिलेखीकरण गर्न छुट भएका घर धनिहरुले यो सूचना जारी भएको मितिले (७) सात दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित अभिलेखीकरणका लागि गाँउपालिकामा निवेदन दर्ता गराउंनुहुन अनुरोध छ।यो सूचना जारी भए पश्चात् निर्मित घरहरुको हकमा यो सूचना लागु हुने छैन।साथै म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गराईन्छ।

__तपसिल:__

| | | |
|---|---|---|
| १. | नेपाली नागरिकताको प्रतिलिपि | १ थान |
| २. | जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि, | १ थान |
| ३. | चालु आ.व.को एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि | १ थान |
| ४. | गा.पा.मा सूचीकृत परामर्शदाताबाट बनाएको घरको नक्सा | २ थान |
| ५. | जग्गाको प्रिन्ट नक्सा | १ थान |
| ६. | सम्बन्धित वडाको सिफारिस | १ थान |
| ७. | घरनक्सा अभिलेखीकरण दरखास्त फारम | १ थान |
| ८. | जग्गाको चारकिल्ला प्रमाणित | १ थान |
| ९. | घर धनिको फोटो | २ थान |

नोट:- घरनक्सा अभिलेखीकरण दरखास्त फारम गाँउपालिकाको कार्यालय बाट रु.५००/- राजश्व बुझाई प्राप्त गर्न सकिने छ ।

............
(गोविन्द भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत